कम्पनी रजिष्ट्रार कार्यालय, दर्ता नं.: १८७५३२/०७४/७५ 	वित्तीय इजाजत नं.: ने.रा. बैंक/ई.प्रा./"घ"/०८७/०७५/७६

# नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.

# NESDO Sambridha Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको वित्तीय संस्था)

केन्द्रिय कार्यालयः कुश्मा नगरपालिका, वडा नं.-६, न्यूरोड, पर्वत, फोन नं.: ०६७-४२०४०६, फ्याक्स नं.: ०६७-४२०९१५

## INTERIM FINANCIAL STATEMENTS

### Unaudited Condensed Statement of Financial Position ( As per NFRS)
### As on Quarter Ended 31st Aswin, 2082

*Nrs.*

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash & Cash Equivalents | 892,171,229.58 | 988,541,448.79 |
| Statutory Balances and Due from Nepal Rastra Bank | - | - |
| Placement with Banks & Financial Institutions | - | - |
| Derivative Financial Institutions | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Cooperatives | - | - |
| Loan & Advances to Customers | 3,052,999,078.08 | 3,066,073,961.37 |
| Investment Securities | - | - |
| Current Tax Assets | - | - |
| Investment Property | - | - |
| Property and Equipment | 30,833,657.86 | 30,882,289.44 |
| Goodwill and Intangible Assets | - | - |
| Deferred Tax Assets | 26,236,368.73 | 27,488,714.00 |
| Other Assets | 258,844,568.77 | 5,711,824.08 |
| **Total Assets** | **4,261,084,903.02** | **4,118,698,237.68** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | 100,000,000.00 |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 2,444,361,432.14 | 2,430,199,075.00 |
| Borrowings | - | - |
| Current Tax Liabilities | 13,984,247.31 | 29,620,283 |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 1,008,982,221.99 | 791,373,859.48 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **3,467,327,901.44** | **3,351,193,217.26** |
| **Equity** | | |
| Share Capital | 291,337,500.00 | 291,337,500.00 |
| Share Premium | - | - |
| Retained Earnings | 198,131,851.40 | 169,091,231.16 |
| Reserves | 304,287,650.18 | 307,076,289.26 |
| **Total Equity** | **793,757,001.58** | **767,505,020.42** |
| **Total Liabilities and Equity** | **4,261,084,903.02** | **4,118,698,237.68** |

### Condensed Statement of Profit and Loss
### For the Quarter Ended 31st Aswin, 2082

*Nrs.*

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest Income | 130,812,223.18 | 130,812,223.18 | 120,930,380.00 | 120,930,380.00 |
| Interest Expense | 58,922,775.21 | 58,922,775.21 | 61,130,100.00 | 61,130,100.00 |
| **Net Interest Income** | **71,889,447.97** | **71,889,447.97** | **59,800,280.00** | **59,800,280.00** |
| Fee and Commission Income | 8,865,644.99 | 8,865,644.99 | 10,234,080.00 | 10,234,080.00 |
| Fee and Commission Expense | - | - | - | - |
| **Net Fee and Commission Income** | **8,865,644.99** | **8,865,644.99** | **10,234,080.00** | **10,234,080.00** |
| **Net Interest, Fee and Commisson Income** | **80,755,092.96** | **80,755,092.96** | **70,034,360.00** | **70,034,360.00** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 8,483,103.81 | 8,483,103.81 | 9,531,180.00 | 9,531,180.00 |
| **Total Operating Income** | **89,238,196.77** | **89,238,196.77** | **79,565,540.00** | **79,565,540.00** |
| Impairment Charge/ (Reversal) for Loans and Other Losses | (6,343,683.00) | (6,343,683.00) | 29,850,000.00 | 29,850,000.00 |
| **Net Operating Income** | **95,581,879.77** | **95,581,879.77** | **49,715,540.00** | **49,715,540.00** |
| Operating Expense | 48,967,722.10 | 48,967,722.10 | 38,299,700.00 | 38,299,700.00 |
| Personnel Expenses | 34,992,746.35 | 34,992,746.35 | 31,632,370.00 | 31,632,370.00 |
| Other Operating Expenses | 13,974,975.75 | 13,974,975.75 | 6,667,330.00 | 6,667,330.00 |
| Depreciation & Amortisation | - | - | - | - |
| **Operating Profit** | **46,614,157.67** | **46,614,157.67** | **11,415,840.00** | **11,415,840.00** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expense | - | - | - | - |
| **Profit Before Income Tax** | **46,614,157.67** | **46,614,157.67** | **11,415,840.00** | **11,415,840.00** |
| Income Tax Expense | 13,984,247.31 | 13,984,247.31 | 3,424,752.00 | 3,424,752.00 |
| Current Tax | 13,984,247.31 | 13,984,247.31 | 3,424,752.00 | 3,424,752.00 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the Period** | **32,629,910.36** | **32,629,910.36** | **7,991,088.00** | **7,991,088.00** |

### Condensed Statement of Comprehensive Income

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Profit for the Period | 32,629,910.36 | 32,629,910.36 | 7,991,088.00 | 7,991,088.00 |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **32,629,910.36** | **32,629,910.36** | **7,991,088.00** | **7,991,088.00** |
| Basic Earning per share | - | 11.20 | - | 3.13 |
| Annualized Basic Earing Per Share | - | 44.80 | - | 12.54 |
| Diluted Earning per share | - | 44.80 | - | 12.54 |

### Ratios as per NRB Directives

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | - | 14.16% | - | 16.78% |
| Non-Performing Loan (NPL) to Total Loan | - | 20.94% | - | 19.48% |
| Total Loan Loss Provision to Total NPL | - | 120.71% | - | 103.05% |
| Cost of Funds | - | 9.54% | - | 8.70% |
| Credit to Deposit and Borrowing Ratio | - | 167.14% | - | 176.96% |
| Base Rate | - | 17.30% | - | 16.58% |
| Interest Rate Spread | - | 5.23% | - | 2.08% |

### Statement of Distributable Profit or Loss
### For the quarter ended 31st Aswin, 2082

| Particulars | NPR |
|---|---|
| Net Profit for the Period end 1st Quarter | 32,629,910.36 |
| 1. Appropriations | |
| **1.1 Profit required to be appropriated to:** | **7,504,879.38** |
| a. General Reserve | 6,525,982.07 |
| b. Capital Redemption Reserve | - |
| c. Foreign Exchange Fluctuation Fund | - |
| d. Corporate Social Responsibility | 326,299.10 |
| e. Employee Training Fund | - |
| f. Client Protection Fund | 652,598.21 |
| g. Other | - |
| **1.2 Profit required to be transferred to Regulatory Reserve:** | - |
| a. Transfer to Regulatory Reserve | - |
| b. Transfer from Regulatory Reserve | - |
| **Net Profit for the period end 1st Quarter available for distribution** | **25,125,030.98** |
| **Opening Retained Earning As on 1st Shrawan,2082** | **169,091,231.16** |
| **Distribution:-** | - |
| **Bonus Share Issued** | - |
| **Cash Dividend** | - |
| **Total Distributable Profit/Loss as on Quarter End Date** | **194,216,262.14** |
| **Annualized Distributable Profit/Loss Per Share** | **66.66** |

| Interest Rate | |
|---|---|
| 1. Deposit | 7.5%-13.3% |
| 2. Loan & Advance | 12%-14.72% |

**Notes to interim financial Statements:**

1. The above figures are subject to change if directed by the regulatory authority and external auditor.
2. The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) ,as issued by the accounting standard board,Nepal and carve-out issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
3. Loans and Advances are presented net of imppairment charges and includes Staff Loans.
4. Employees Benefits wiil be made after receiving Actuarial Valuation Report.
5. Personal Expenses also include provision for staff bonus which has been calculated in line with the provision in Bonus Act.
6. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparision.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ को (नियम २६ को उपनियम (१) संग सम्बन्धित) आर्थिक वर्ष २०८२/०८३ को प्रथम त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरणः** आ.व. २०८२/८३ को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत वासलात र नाफा नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ। यो विवरण संस्थाको वेबसाइट www.slbs.nesdonepal.org मा पनि राखिएको छ।

**ख) प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | मूल्य आम्दानी अनुपात | प्रतिशेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ४४.८० | ३२.१२ | २०७.८३ | १४६२.५९ | २८.२९ |

**२. व्यवस्थापकीय विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरणः** यस त्रैमासिक अवधिमा कर्जा रू. ४०८,५७,४५,३८४/-, बचत रकम रू. २४४,४३,६१,४३२/-, नगद तथा बैंक मौज्दात रू. ८९,२१,७१,२२९/५८ रहेको छ। आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको आम्दानी, कर्जा लगानी र बचत परिचालनमा सामान्य बृद्धि देखिएको छ भने मौज्दात रकम सामान्य घटेको छ। लघुवित्त कार्यक्रमलाई असर पार्ने लघुवित्त संस्था विरुद्ध गरिएको गतिविधिहरु, विश्वव्यापी रुपमा देखिएको आर्थिक मन्दि, कर्जामा रहिरहेको दोहोरोपना लगायतका कारणहरुले जोखिममा रहेको कर्जामा उल्लेख्य सुधार हुन सकेको देखिदैन। हालको परिस्थितिमा संस्थालाई दुरगामी असर नपरोस् भन्नेमा व्यवस्थापन सजग छ र आउँदा दिनमा यस्ता समस्या कम हुँदै जाने अपेक्षा गरिएको छ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः** निष्क्रिय कर्जाको अनुपात उच्च रहेकोले कर्जा असुली गर्ने रणनितीहरु बनाई कार्य गर्ने, कर्जाको गुणस्तरमा सुधार गर्ने, ग्राहक संरक्षणकोषको रकम ग्राहकको हितमा अधिकतम उपयोग गर्ने, सेवा नपुगेका क्षेत्रमा रहेका विपन्न एवं पिछडिएका वर्गलाई लघुवित्त कार्यक्रममा आबद्ध गरेर सेवा विस्तार गर्ने, वित्तीय संस्थाले प्रदान गर्ने सेवा तथा सुविधाहरुलाई सदस्यको आवश्यकता अनुरुप समय सापेक्ष परिष्कृत गर्दे सदस्यहरुमा उधमशिलता तथा व्यवसायिक सिप विकासका साथै वित्तीय साक्षरताको अभियानलाई व्यापक रुपमा विस्तार गर्दै लैजाने र आगामी दिनमा क्रमशः वित्तीय संस्थाको सेवा तथा कार्यक्रमलाई क्रमशः प्रविधिमैत्री बनाउँदै लैजाने लगायतका लक्ष्य राखेर कार्य गरिनेछ।

**ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** हालको परिस्थितीमा बैक तथा वित्तीय संस्थाहरु विरुद्ध भईरहेको विभिन्न गतिविधिहरुले वित्तीय संस्थाहरुको कर्जा असुलीमा समस्य देखिएको छ। तथापि, वित्तीय संस्थाको नाफामा सामान्य सुधार देखिएको छ भने मौज्दात तथा नगद प्रवाहको अवस्था यथावत रहेकोछ। यस असहज परिस्थितीमा पनि ग्राहक सदस्यहरुले वित्तीय संस्था प्रति देखाएको विश्वास एवं संयमताले वित्तीय संस्था अझ बढी जिममेवार भई कार्य गर्न तत्पर हुनुपर्ने बोध गराएको छ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

**क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :** यस अवधिमा यस वित्तीय संस्थाले कसैका उपर मुद्दा दायर नगरेको साथै वित्तीय संस्था विरुद्ध मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।

**ख) यस संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भएः** यस सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन।

**ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :** यस सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन।

**४. वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ। खुल्ला बजारले दोस्रो बजारमा हुने शेयर कारोबारको मूल्य निर्धारण गर्ने व्यवस्थापनको धारणा रहेको छ। लगानीकर्ताहरुको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा भविष्यमा कारोवार मूल्य सकारात्मकता तर्फ उन्मुख हुने विश्वास लिएका छौं।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाईट www.nepalstock.com.np अनुसार मिति २०८२/०४/०१ देखि २०८२/०६/३१ सम्मको अवधिमा यस संस्थाको शेयर कारोबार निम्न अनुसार भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मुल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या | कारोवार रकम | कारोवार शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १८७९.०० | १३८०.१० | १४३९.०० | ५१ | ३४९० | २२६२५०३४२.४० | १३४५४० |

**५. समस्या तथा चुनौती :**

लघुवित्त संस्था विरुद्ध देखिएको अवाञ्छनिय क्रियाकलापहरु, कर्जा तथा सदस्यहरुमा दोहोरोपनाका कारणले सदस्यहरुलाई ऋणको अधिक भार भई कर्जाको भाका नाघ्ने जोखिम, नियमनकारी निकायहरुवाट हुने नीतिगत परिवर्तनवाट सृजना हुन सक्ने असर, कर्मचारीहरुको क्षमता अभिवृद्धिमा कमी भई उत्पन्न हुन सक्ने जोखिम आदि वित्तीय संस्थाको समस्या तथा चुनौतीहरु हुन्। वित्तीय संस्थामा रहेका दक्ष तथा अनुभवी जनशक्तिको उचित व्यवस्थापन गरी कर्मचारीहरुलाई समय सापेक्ष तालिम प्रदान गरिएको, समयानुकुल व्यवसायिक रणनीतिहरु तयार गरिएको, योजनावद्ध रुपमा खराव कर्जा असुलीको काम थालिएको तथा वित्तीय संस्थाको सेवामा विविधिकरण गरी वित्तीय संस्थाको समस्या तथा चुनौतीहरुलाई समाधान गर्ने प्रयत्न गरिएको छ।

**६. संस्थागत सुशासन :**

यस वित्तीय संस्था संस्थागत सुशासन कायम गर्न सदैव प्रतिवद्ध रहेको छ। संस्थागत सुशासनमा ध्यान दिदै संस्थाले अन्य विषयहरुका अतिरिक्त देहाय अनुसारका कदमहरुको समेत अवलम्बन गरेको छ।

क) यस संस्थाको संचालक समिति, व्यवस्थापन, शेयरधनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा सम्वर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ। नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन, कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि सञ्चालक समितिले विभिन्न नीति, नियम तथा कार्यविधिहरु तर्जुमा गर्ने तथा आवश्यकता अनुसार संशोधन गर्ने गरेको र उक्त नीति तथा निर्देशनहरुलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आईरहेको छ।

ख) संस्थाले आफ्नो कारोबारलाई चुस्त, दुरुस्त राख्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति तथा व्यवस्थापन तहमा लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति तथा अन्य आवश्यक समिति, उपसमितिहरुको गठन गरेको छ। उक्त समिति तथा उपसमितिहरुको नियमित रुपमा बैठक बसी काम गर्ने क्रममा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्ने सन्दर्भमा व्यवस्थापनलाई आवश्यक निर्देशनहरु दिने गरेको छ।

ग) केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुको लेखा तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी तथा चुस्त दुरुस्त बनाई राख्न शाखाहरुमा नियमित सुपरिवेक्षण तथा आन्तरिक लेखापरिक्षण कार्य हुँदै आईरहेको छ। सुपरिवेक्षण तथा लेखापरीक्षणले औल्याएका कमी कमजोरीहरुलाई यथाशिघ्र सुधार गरिएको छ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

**८. नियम २६ को उपनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरणः** छैन।